स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



एक अवार्ड समारोहमा अभिनेता सलमान खान र गायक अरिजित सिंहबिच भएको विवादले ठूलो चर्चा पाएको थियो। त्यस झगडापछि सलमान खानको फिल्म 'सुल्तान' बाट अरिजितको गीत हटाइएको थियो, जसले विवादलाई झनै बढाएको थियो। सलमानले स्वयं यस कुराको खुलासा गर्दै आफ्नो गल्ती स्वीकारेका छन् र उक्त मामिलामा गलतफहमी आफ्नै पक्षबाट भएको बताएका छन्।

**आजको विचार...**



मेघनाथ दाहाल

अन्तरिम... *(दुई पेजमा)*



आगामी कात्तिक ६ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'सोल्टिनी'को ट्रेलर सार्वजनिक गरिएको छ। सोमबार काठमाडौंमा एक कार्यक्रमको आयोजना गर्दै दर्शकमाझ ल्याइएको ट्रेलरले अन्तरजातीय प्रेममा आउने पारिवारिक र सामाजिक अवरोधको कथा पेश गरेको छ। ट्रेलरको केन्द्रमा फिल्मका मुख्य जोडी प्रकाश सपूत र परीक्षा लिम्बू छन्। ट्रेलर अनुसार प्रकाश र परीक्षा एकअर्काको प्रेममा छन्। तर, जातीय पृष्ठभूमि अलग हुँदा उनीहरूको सम्बन्ध संकटमा पर्छ।

❐ वर्ष ३१ अंक ८४ ❐ २०८२ असोज २९ गते बुधबार 15 october 2025, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### हमासको कब्जामा रहेका जोशी जीवित नरहेको पुष्टि



रासस

**काठमाडौं,** असोज २८/विगत दुई वर्षदेखि प्यालेस्टाइनी समूह हमासको कब्जामा रहेका कञ्चनपुरका विपीन जोशी जीवित फर्कने आशा करिब निराशामा परिणत भएको छ । इजरायलका अधिकारीले जोशी जीवित नरहेको पुष्टि गरेका इजरायलस्थित नेपाली दूतावासले जनाएको छ । इजरायली अधिकारीले नेपाली राजदूतावासलाई सम्पर्क गरेर जोशी जीवित नभएको जानकारी दिएका नेपाली दूतावासले उल्लेख गरेको छ । हमास समूहले इजरायलको किबुल आलुमिमबाट विसं २०८० असोज २३ मा जोशीलाई अपहरण गरेको थियो । नेपालका लागि इजरायलका पूर्वराजदूत हनान गोदरले पनि जोशी जीवित नरहेको सामाजिक सञ्जालमार्फत पुष्टि गर्नुभएको छ ।उनले सामाजिक सञ्जालका लेखेका छन्, "विपीन जोशी अब हामीमाझ रहेका । दुई वर्षको आशा अब समाप्त भएको छ ।" इजरायली सञ्चारमाध्यमले पनि जोशी जीवित नरहेको स्पष्ट पारेका छन् । जोशी सन् २०२३ मा 'लर्न एण्ड अन' कार्यक्रमअन्तर्गत कृषि तालिमका लागि इजरायल जएका थिए ।

# तानसेनमा भिक्षुलाई 'कथिन चीवर दान'

## सकियो तीन महिने वर्षाबास

रामचन्द्र रायमाझी

**पाल्पा,** असोज २८/जिल्लाको तानसेनमा भिक्षुहरुलाई कथिन चीवर दान गरिएको छ । दाता ज्ञानमाला संघ आनन्द विहारले विहारमा वर्षाबासमा बसेका एकजना भिक्षुसहित देशका विभिन्न जिल्लाबाट आएका ६० जना भिक्षुहरुलाई कथिन दान गरेको हो ।

बौद्ध परम्पराअनुसार विहारले तीन महिना वर्षाबासमा बसेका भिक्षुका लागि गरिने दानका लागि 'कथिन चीवर दान' उत्सवको आयोजना गरी दान दिइएको छ । भिक्षुहरुलाई चीवर दान, अष्टपरिकार दान, धर्म सँगदान गरिएको हो । प्रत्येक वर्ष असार पूर्णिमादेखि असोज पूर्णिमा तीन महिना भिक्षुहरु बर्खाबास बस्ने परम्परा छ । यसरी वर्षाबास बसेका भिक्षुहरुका लागि कथिन दान गर्ने गरिन्छ । तानसेनका दाता विश्वमान बज्राचार्यको प्रमुख सहयोगमा कथिन दान उत्सवमा मनाइएको हो । तानसेनस्थित ज्ञानमाला सघ आनन्द विहारमा बर्खाबास बसेका भिक्षु अनिरुद्र सहित अन्य भिक्षुहरुलाई बौद्ध परम्पराअनुसार चिवर दान, अष्ट परिस्कार दान गरिएको थियो । भिक्षुले लगाउने पहेँलो वस्त (चिवर) र भिक्षापात्रलाई चिवर दान भनिन्छ ।




अष्ट परिष्कारमा भिक्षुका लागि आवश्यक दाह्री-कपाल खौरने सामान, भित्री-बाहिरी कपडा, सियो-धागोलगायत आठ सामग्री हुन्छन् । अनुशासित र नियमपूर्वक तीन महिने वर्षाबास बस्ने भिक्षुलाई चिवर र भिक्षा पात्र प्रदान गरिन्छ । महोत्सवमा प्रमुख अतिथि अखिल नेपाल भिक्षु महासंघका निवर्तमान अध्यक्ष मैत्री महास्थवीरबाट दीप प्रज्वलनसँगै शिल प्रार्थना, भिक्षु धर्मपालबाट बुद्ध पुजा, भिक्षु गौदन्य महास्थवीरले धर्मदेशना गरेका थिए । धर्मदेशना गर्दै महास्थवीरले गौतम बुद्धको उपदेश र उनले अनुमति दिएको 'कथिन चीवर दान'का विषयमा जानकारी गराएका थिए । उनले कठिन उत्सव धार्मिक उत्सव भएकाले यसमा सहभागी हुँदा भिक्षुमा शिल समाधि र प्रज्ञाको विकास हुने र नागरिकमा दान, शिल र भावनाको विकास हुने बताए । महास्थवीरले एक वर्षमा एक दिन एकपटक मात्रै वर्षबासमा बसेका भिक्षुलाई लगाउने बस्त्रसहितका सामग्री दिन सकिने परम्परा भएकाले यसलाई कठिन दान भनिएको जानकारी गराए । कार्यक्रमका संयोजक तथा आनन्द विहारका पूर्व अध्यक्ष उत्पल कुमार बज्राचार्यले तीन महिना एकै ठाउँमा नियमपूर्वक वर्षाबास बसेका भिक्षुलाई बसमापनको अवसरमा 'कथिन चीवर दान' दिने बौद्ध परम्परा रहेकाले सोही अनुसार चीवर दान गरिएको बताए । उनले विगतमा पनि आफुहरुले यस्ता कार्यक्रम गर्ने गरेको बताए । विहारका अध्यक्ष सञ्जयराज शाक्यले वर्षावास बस्नाले बौद्ध धर्मको मेरुदण्ड विनय कर्म पालन गर्दा नजानेर भए-गरेका त्रुटि कमजोरीबाट पाप नलागि क्षमादान पाउने हुँदा भिक्षु-भिक्षुणी वर्षाबास बस्ने गरेको बताए । लुम्बिनी, बुटवल, भैरहवा, पोखरा, धरान, थाइल्याण्ड, भारत, अछामबाट भिक्षुहरु तानसेन आएका थिए । दान गर्नुअघि भिमसेन टोलमा रहेको विहारबाट झाँकीसहित शान्ति पदयात्रा निकालिएको थियो । उक्त पदयात्रा टुँडिखेल, तेस्रो सडक, शितलपाटी, टक्सारटोल, नारायणस्थान हुँदै टुँडिखेलमा पुगेर महोत्सवमा परिणत भएको भिक्षु प्रियदर्शी महास्थवीरले बताए ।

# सवारी दुर्घटनामा चार जनाको मृत्यु

**पाल्पा,** असोज २८/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी चार जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार उदयपुर, पर्सा,डोटी र काठमाडौंमा भएका छुट्टाछुट्टै घटनामा परी चार जनाको मृत्यु भएको हो ।

उदयपुरको बेलका नगरपालिका-१ अम्बासीस्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । भिमाबाट फत्तेपुरतर्फ जाँदै गरेको स.९ प ५११८ नम्बरको मोटरसाइकल अनियन्त्रित भई गए दुर्घटना हुँदा चालक चौदण्डीगढी नगरपालिका-९ भिमा बस्ने ४५ वर्षीय कारीचन चौधरीको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको उपचारको लागि गोल्डेन अस्पताल बिराटनगरतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार २ जनाको कोशी अस्पताल बिराटनगरमा उपचार भइरहेको छ । यस्तै काठमाडौं महानगरपालिका-३२ तीनकुनेस्थित सडकमा पनि मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । बा.६८ प ४१५३ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक सोही महानगरपालिका-३१ बानेश्वर बस्ने कैलाली गोदावरी गाउँपालिका-८ घर भएका २१ वर्षीय समिर चौधरीको मृत्यु भएको छ ।

दुर्घटनामा गम्भीर घाइते भएका उनको केएमसी अस्पतालमा थप उपचारको क्रममा मृत्यु भएको हो । यस्तै पर्साको ठोरी गाउँपालिका-३ सिकारीबासपुलस्थित सडकमा बिजयबस्तीबाट ब्रहमानगरतर्फ आउँदै गरेको ना.२६ प ८३५१ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक सोही गाउँपालिका-३ ब्रहमानगर बस्ने २१ वर्षीय राजेश श्रेष्ठको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको स्पर्श अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । यस्तै डोटीको बडिकेदार गाउँपालिका-३ देवलस्थित सडकमा सु.प.प्र.०१-००१ च ४६५१ नम्बरको बोलेरो जिप अनियन्त्रित भई दुर्घटना हुँदा जिपमा सवार सोही ठाउँ बस्ने ३५ वर्षीया लक्ष्मी कुमारी सलामीको घटनास्थलमै मृत्यु भएको छ ।

# पर्यटक प्रवर्द्धनका लागि फल्चा निर्माण

**तम्घास (गुल्मी),** असोज २८/गुल्मीको सदरमुकाम तम्घासमा पर्यटक प्रवर्द्धनका लागि फल्चा निर्माण गरिएको छ । पछिल्लो समय काठमाडौंसहित देशका प्रमुख सहरमा फल्चा निर्माण भइरहेकाबेला गुल्मीमा पनि पर्यटक र यात्रुका लागि दुई वटा फल्चा निर्माण गरिएको हो ।

रेसुङ्गा नगरपालिकाको सहयोगमा तम्घासको बसपार्क नजिकै र भगवती मन्दिरमा फल्चा निर्माण गरिएको छ । जिल्लाका लागि फल्चा नयाँ संरचना हो । पहाडी जिल्लामा पनि पुराना संरचना पौवाहरू भए पनि अहिले नयाँ ढङ्गले प्रतीक्षालयका रूपमा फल्चा निर्माण हुँदै आएका रेसुङ्गाका नगरप्रमुख खिलध्वज पन्थीले बताए । उनका अनुसार तम्घासमा भने कारागारका कैदीबन्दीको काष्ठकला प्रयोग गरेर निर्माण गरिएको छ । "बसपार्क नजिक इन्द्रवीर थापाले निर्माण गरेको १५० वर्ष पुरानो इन्द्र पौवा थियो ।

यो पौवा जीर्ण भएपछि सोही ठाउँमा अहिले फल्चा निर्माण गरिएको छ", उनले भने । यो पौवाको गरिमाको विषयमा केही आलोचना भए



पनि आधुनिकताका नाममा पुराना कला र संस्कृति लोप हुँदै गएपछि पौवाको ठाउँमा फल्चा निर्माण गरिएको नगरप्रमुख पन्थीले बताए । कैदीबन्दीको सीपको प्रदर्शन र स्थानीय सामग्रीको उपयोगबाट पुरानै काष्ठकलामार्फत फल्चा निर्माण गरिएको जनाउँदै उनले गत वर्ष एउटा र अहिले दुई वटा फल्चा निर्माण थालिएको उल्लेख गरे । ट्राफिक कार्यालय अगाडि निर्माण भएको फल्चाका कारण पैदलयात्री तथा ट्राफिक कार्यालयमा आएका सेवाग्राहीलाई फल्चा विश्रामस्थल बनेको छ । काष्ठकलामा निकै अब्बल कैदीबन्दीका सामग्री पछिल्लो समय सरकारी तथा गैरसरकारी थुप्रै संरचनामा प्रयोग हुँदै आएका छन् । नगरले काफलपानी निर्माण सेवामार्फत कैदीबन्दीले निर्माण गरेको काष्ठ सामग्री फल्चामा प्रयोग गरेको हो । दुई वटा फल्चा १०/१० लाखको लागतमा निर्माण भएको नगरपालिकाले जनाएको छ । गुल्मी कारागारका चौकीदार हरि थापाले आफूहरूले बाहिर निर्माण गर्दा लाग्ने लागतको ५० प्रतिशत कममा फल्चासहितका पूर्वाधारमा काम गरेको बताए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## विकास निर्माण र राजनीतिक इच्छा शक्ति

नेपालमा विकासको भाषण धेरै हुन्छ, तर परिणाम न्यून छन् । सडक, पुल, भवन वा सिँचाइका योजनाहरू कागजमै सीमित रहन्छन्, बने पनि गुणस्तरहीन हुन्छन् । यसको मूल कारण हो । विकास निर्माणमा हुने अनियमितता, भ्रष्टाचार र जवाफदेहिताको अभाव । राष्ट्रको धन बेकामी योजना र असक्षम ठेकेदारको पेटमा हराउँदा जनतामा राज्यप्रतिको विश्वास कमजोर बन्दै गएको छ । सबैभन्दा पहिले, विकास निर्माणमा पारदर्शिता अनिवार्य गर्नुपर्छ। योजनाको तयारीदेखि कार्यान्वयनसम्मको सम्पूर्ण प्रक्रिया खुला र जनसहभागितामूलक हुनुपर्छ । स्थानीय तहले बनाएका बजेट र योजना सार्वजनिक सूचना पाटीमा टाँस्ने मात्र होइन । आम सञ्चारका माध्यममा अद्यावधिक गर्ने प्रणाली बनाउन जरुरी छ । नागरिकले कहाँ, कसरी, कति रकम खर्च भयो भन्ने जान्ने अधिकार पाउनुपर्छ ।

प्राविधिक र आर्थिक अनुगमन बलियो हुनुपर्छ । अहिले जति पनि ठेक्का सम्झौता हुन्छन्, तीमध्ये धेरैमा निगरानी कमजोर छ । निर्माण निरीक्षणमा इञ्जिनियरको उपस्थितिलाई औपचारिकताको रूपमा सीमित नगरी, प्राविधिक गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारीको रुपमा लागू गर्नुपर्छ । ठेकेदार र प्राविधिक दुवैलाई कानूनी रूपमा जवाफदेही बनाइए असावधानी र हेराफेरी घट्न सक्छ । दण्डहीनताको संस्कृतिमा अन्त्य गर्नुपर्छ । अनियमितता गर्ने, भ्रष्टाचारमा मुछिने वा गुणस्तरहीन काम गर्नेहरूलाई 'राजनीतिक संरक्षण' दिने परिपाटी अन्त्य नभएसम्म सुधार सम्भव छैन । अख्तियार, लेखापरीक्षण र सार्वजनिक खरिद अनुगमन आयोगजस्ता निकायहरूलाई पूर्ण स्वायत्तता र कार्यान्वयनको अधिकार दिनुपर्छ । विकास निर्माणमा सुधार केवल प्राविधिक होइन, नैतिक मुद्दा पनि हो । जब योजना 'कमिसन' होइन, 'कर्तव्य'को दृष्टिले गरिन्छ जब ठेकेदारभन्दा देशलाई प्राथमिकता दिइन्छ तब मात्र साँचो विकास सम्भव हुन्छ । विकासको गति बढाउन सरकारको मात्र होइन, हरेक नागरिकको पनि निष्ठा सतर्कता जरुरी छ । किनकि विकासमा हुने अनियमितता रोक्नु भनेको देशको भविष्य बचाउनु हो ।

### Opinion @ Social Network

महत्व सबैको आफ्नै हुन्छ
सुर्यको अगाडि बत्तीको कुनै अर्थ नहोला
तर अन्धकारको अगाडि महत्व धेरै हुन्छ ।

*(बिमल कार्कीको फेसबुक स्टाटसबाट www.facebook.com/Bimal.Karki)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अन्तरिम सरकारको आर्थिक दायित्व



मेघनाथ दाहाल

> *सरकारी, निजीलगायत सबै क्षेत्र तथा तहतप्काका व्यक्ति तथा समूह यसका शिकार भएका छन् । सानो स्तरमा व्यावसायिकताको सुरुवात भएको नेपालको हकमा लगानी सुरक्षाको जबसम्म प्रत्याभूति हुनसक्दैन, तबसम्म आर्थिक क्षेत्र अझ तहसनहस भएर जाने देखिन्छ । नेपालको हकमा लगानीको संस्थागत विकास राम्रोसँग हुनसकेको छैन । भौतिक सम्पत्तिको क्षति कुन स्तरमा भयो भन्ने आँकलन गर्न सकिएको छैन । यसका लागि सरकारले कार्यदल गठन गरेर काम गरिरहेको छ । प्रारम्भमा केही खर्बमा हुने अनुमान गरिएको छ । यसमा सरकारी, निजीलगायत सबै पर्दछन् । अझ यसको अन्तिम रिपोर्टले यो आँकडा अझ माथि लैजाला तर तल झार्ने संकेत देखिएको छैन ।*

अन्तरिम सरकारको आयु जम्माजम्मी पाँच महिना तोकिएको छ तर काम भने निरन्तर छ-सात वर्ष गर्दा पनि बल्लतल्ल बाटो समात्ने किसिमको छ । नयाँ सरकारप्रति आशा, भरोसा र विश्वास गरिएको छ । कलिला जेन-जीसहित छ दर्जनभन्दा बढी नेपालीहरूको साहदतबाट प्राप्त मौकाको उपयोग गर्दै चुनावी सरकारको जिम्मेवारीमा ठूलो दायित्व थपिएको छ । सरकारको हकमा भने राजनीतिक दायित्व पूरा गरेरमात्र सम्भव हुँदैन । यसका लागि सामाजिक, आर्थिक, कूटनीतिक एवं आन्तरिक सबै क्षेत्रमा उत्तिकै महारथ हासिल गर्न सक्नुपर्ने हुन्छ । राजनीतिक सन्तुलनले मात्र हिजो भएको क्षतिले भरणपोषण हुने अवस्था छैन । अन्तरिम सरकारको पहिलो दायित्व निर्वाचन भए तापनि जेनजीहरूको मुख्य मुद्दा भनेको साधनस्रोतको परिचालनमा देखिएको भ्रष्टाचारजन्य दुरुपयोगलाई रोक्दै समाजले चाहेको र अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धात्मक रूपमा अघि बढ्नसक्ने अवस्थाको सुरुवात गर्नु हो । यदि यसो गर्न नसके कुनै न कुनै रूपमा जेन-जी युवाहरूले वीरतापूर्ण रूपमा दिएको बलिदानले सार्थकता पाएको बुझिने छैन । फेरि सोही प्रकृतिको अर्को आन्दोलन नहोला भन्न सकिँदैन । सरकारी खर्चमा मितव्ययिता कायम राख्दै सुशासनको हकमा पारदर्शिताका लागि साधारण एवं पुँजीगत खर्चको नियमनको निमित्त मस्यौदा नै सर्कुलर गरिएको छ । यसमा भएका धेरै बुँदा कार्यान्वयनमा जालान्-नजालान् यो एउटा विषयको कुरा भयो तर सुरुवात भएको छ । त्यसैगरी उमेरको हिसाबमा क्याबिनेटमा सम्मिलित सदस्यहरू जेन-जीहरूको समूहभित्रबाट नदेखिए तापनि समाजमा राम्रो पहिचान बनाउन सफलहरूको नियुक्तिले हालको क्याबिनेटको सोच भने जेनजीहरूको जस्तो हुन सकोस् । यसले भोलिका लागि राम्रो मार्गको संकेत गर्दछ । गत भदौ २३ र २४ गतेको शान्तिपूर्ण भनिएको आन्दोलन एकाएक ध्वंशात्मक बनेर खर्बौंको क्षति भएको छ । अझ मानवीय अपूरणीय क्षतिको संख्यात्मक गणना कहिल्यै सम्भव हुँदैन । सरकारी, निजीलगायत सबै क्षेत्र तथा तहतप्काका व्यक्ति तथा समूह यसका शिकार भएका छन् । सानो स्तरमा व्यावसायिकताको सुरुवात भएको नेपालको हकमा लगानी सुरक्षाको जबसम्म प्रत्याभूति हुनसक्दैन, तबसम्म आर्थिक क्षेत्र अझ तहसनहस भएर जाने देखिन्छ । नेपालको हकमा लगानीको संस्थागत विकास राम्रोसँग हुनसकेको छैन । भौतिक सम्पत्तिको क्षति कुन स्तरमा भयो भन्ने आँकलन गर्न सकिएको छैन । यसका लागि सरकारले कार्यदल गठन गरेर काम गरिरहेको छ । प्रारम्भमा केही खर्बमा हुने अनुमान गरिएको छ । यसमा सरकारी, निजीलगायत सबै पर्दछन् । अझ यसको अन्तिम रिपोर्टले यो आँकडा अझ माथि लैजाला तर तल झार्ने संकेत देखिएको छैन । जेन-जीको ४८ घण्टाको आन्दोलनको साथमा जे-जसरी बनेको भए तापनि आमसर्वसाधारणको हकमा वर्तमान सरकार अविछिन्न उत्तराधिकारी र अभिभावक भएकाले निर्वाचनमा अर्जुनदृष्टिका साथ आर्थिक दायित्वलाई साथ लिएर जान सक्नुपर्नेछ । सुशासनसँगै आर्थिक रूपमा उठ्न नसकिए फेरि ढिलो-चाँडो अर्को सकस मुलुकले भोग्नु नपर्ला भन्न सकिँदैन । जेन-जीहरूको बाह्य रूप र आन्दोलनले जे जस्ता पक्ष सतहमा ल्याएको भए तापनि भित्री आशय भनेको चरम अनियतिमताको अन्त्य, भ्रष्टाचार जस्ता काममा कमी गर्दै मुलुक र समाजले आर्थिक रूपमा अग्रगामी गति लिन सकोस् र भोलिका दिनमा युवा अरूको देश बनाउनका लागि नभएर आफ्नै मुलुकमा पसिना चुहाउन राजी हुनसकून् भन्ने नै रहेको थियो । आन्दोलनको लप्काले निजी र सार्वजनिक सबैमा क्षति पुगेको छ । जेन-जीहरूको आन्दोलनमा यस किसिमको योजना कुनै रूपमा थिएन, तर जे भयो भइसकेकाले अब नयाँ शिराबाट सोच्नुपर्ने बाध्यता छ । अर्थमन्त्रीको पदभारसँगै साना टुक्रे परियोजनाको अन्त्यसँगै एक खर्बको जोहो भएको र यस रकमले निजी क्षेत्रमा परेको असर कम गर्न पेशा व्यवसायीको पीडामा मलम लगाउँदै पुनर्निर्माणको काम एकसाथ अघि बढाउने घोषणाले आशाको दियो भने बाल्न सकेको छ । बाँकी भविष्यले नै देखाउला । निर्वाचनको म्यान्डेट भएको अन्तरिम सरकारले चमत्कारी काम गर्ला भन्ने धेरैको आशा एवं विश्वास छैन तर राम्रा कामको सुरुवात गर्ने हैसियत भने राखेको छ । किनभने ८/१० खर्बको भौतिक क्षतिको साथमा ७५ जनाभन्दा माथिको नेपाली सपुतको साहदत तथा सयौं घाइते युवाहरूको बलिदानमा बनेको सरकार हो । राजस्व परिचालनको हकमा कुरा गर्ने हो भने मुलुकभित्र भएका वा आयातीत वस्तु तथा सेवाको साथमा भएको धेरथोर निर्यातको भरमा भएको राजस्वको कूल अंक ११ देखि १२ खर्बको बीचमा छ । यदि नेपालमा भित्रिएका सबै वस्तु तथा सेवालगायत मुलुकभित्र हुने गरेका सबै आर्थिक तथा व्यावसायिक गतिविधिलाई करको दायरामा ल्याउन सकिएमात्र पनि कर राजस्वको आकार हाल भएको भन्दा ठ्याक्कै दुई गुणा छेउछाउ पुग्ने विश्वास गरिन्छ । कर राजस्वलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा जानिफकार विज्ञलाई मन्त्रालयले पाउँदा यो कामको सुरुवात हुन सकोस् । चाहेमा गर्नसक्ने देखिन्छ । नेपाली अर्थतन्त्र अत्यन्तै सूक्ष्म रूपमा बुझेका र कर्मचारीतन्त्रको उच्चतम निकायमा पुगेर सेवा निवृत्त हुनुभएका र मुलुकले पत्याएको अर्थमन्त्रीको रूपमा आसीन रामेश्वर खनालको समयमा यो काम हुनसकेमा मुलुकले अर्को फड्को मार्न सक्ने थियो । यस कामले चौतर्फी राम्रो कामको सुरुवात गर्ने थियो । एकातिर सरकारी बेतनधारीलाई सधैं दुनियाँमा नभएको साह्रै कम बेतनको सुधारमा सरकार अघि जान सक्थ्यो भने सक्षम प्रतिभावान एवं विश्वस्तरको प्रतिस्पर्धामा जानसक्ने युवा सार्वजनिक सेवामा आकर्षित हुने वातावरण बन्नेथियो । साथमा ७० प्रतिशतको साधारण खर्च लगभग २० प्रतिशतको पुँजीगत खर्च र बाँकी वित्तीय व्यवस्थापनको संरचनामा ठूलो परिवर्तनको सम्भावना बढेर जानेथियो ।यदि सरकारी कर्मचारीहरूको सेवासुविधामा सुधार गर्ने हो भने अनियमिततामा स्वाभाविक रूपमा कमी हुनेथियो । यस कामले सकारात्मक प्रभाव पार्ने अर्को क्षेत्र भनेको पुँजीगत खर्चको वृद्धिले मुलुकभित्रका स्रोतसाधनको उत्पादनमुखी प्रयोगले नेपाली अर्थतन्त्रमा पार्ने बहुआयामिक सकारात्मक प्रभावले आमसर्वसाधारणको जीवनमा सुधारको अपेक्षा गर्न सकिन्छ । यदि कर प्रशाशन स्वच्छ छवि भएको र प्रगतिशील कर प्रणाली प्रभावकारी रूपमा प्रयोगमा लैजान सकिएको खण्डमा सिमान्तीकृत साना मझौला व्यवसायी उत्प्रेरित हुनेथिए । आखिर मुलुक र समाजले चाहेको आर्थिक तथा सामाजिक परिवर्तनको सुरुवात यही बिन्दुबाटै हो । सुशासन र अनियमितता भनेको सरकारी अड्डा अदालतलगायत कार्यालयमा मात्र नभएर किसानको खेतबारीमा भएको उत्पादन मूल्य बजारलगायत उपभोक्ताको प्रत्येक रुपैयाँको खरिदमा भएको हुनसक्छ । अबको सरकारले कम्तीमा के गरोस् भने पाँचखालमा १० रुपैयाँ प्रतिकेजी किसानले पाएको तरकारी उपत्यकाका उपभोक्ताले ८०/९० रुपैयाँ प्रतिकेजीमा खरिद गर्नु नपरोस् । १९ वर्ष भएको नेपाली युवाले पासपोर्ट बनाउन अतिरिक्त शुल्क बुझाउनु नपरोस् । पूर्वको तमोर किनारको किसनाकदेखि सुदूरपश्चिमको बझाङ, बाजुरालगायत नेपालीका छोराछोरीहरूले काठमाडौंमा बसेर अध्ययन गर्दा खर्चको हिसाबमा यो पनि मेरै मुलुक हो भन्न सकून् । विद्यार्थीको रूपमा हुने प्रतिमहिनाको खर्च विदेशमा जस्तो नहोस् । यो एक किसिमको ठूलो अनियमितता हो । मूल्यवृद्धि साँचो अर्थमा नियन्त्रणमा रहन सकोस् । पार्टटाइम जब नेपाल सरकारले तोकेको श्रम कानुन अनुसार पाउन सकियोस् । जेन-जी भाइबहिनीहरूको आन्दोलनका मुख्य माग हुन् । यसको साथमा अर्थ मन्त्रालय र यसको कार्यकारिणी भनेको मुलुकको ढुकुटीको व्यवस्थापनको साथमा स्रोतको सही प्रयोगका लगि जिम्मेवार रहने भएकाले समयमा काम हुने संस्कृतिको विकासको सुरुवात हुनसके मात्र देश विकासको गतिमा अघि बढ्न धेरै समय लाग्ने थिएन । चार वर्षीय अवधिको मेलम्ची साठी सालतिर सुरु भएर आजका दिनसम्म यसै जेनतेन सम्पन्न नभएर चलिरहेको छ । यस्तो हालत लगभग सबै राष्ट्रिय गौरवका आयोजनाले भोगिरहेका छन् । साना मसिना अर्थहीन परियोजनाको अन्त्य गरियो, त्यसैगरी धेरै गौरवका आयोजनाहरूको साटो थोरै तर समयमा सम्पन्न हुने किसिमका परियोजनालाई चयन गर्नसके जेनजीहरूको सपनामा राहत मिल्ने थियो । साथै मुलुकले पनि आजका युवाले गरेको आशानुरूप गति लिने थियो । सरकारका काम पारदर्शी एवं आन्दोलनको मुख्य उद्देश्यबाट बाहिर नजाने एवं राज्यको अकूत दोहन गर्ने काममा संलग्न व्यक्ति तथा समूहलाई दण्डित कानुन अनुसार गरिने प्रतिबद्धताको विश्वासमा आगामी दिन सफलताका साथ अघि जान सकून् । खराबीहरूमा कमी ल्याउन यो नयाँ सरकार सफल बन्न सकोस् । यही नै जेन-जीलगायत सबैको चाहना हो ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०७९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : परिवारलाई समय दिने प्रयास गर्नुहोला। कार्यको रूपरेखा बन्नेछ। | **तुला** : सुख र धनको प्राप्ति हुनेछ। आफन्त वा मित्रहरूको सहयोग मिल्नेछ। |
| **वृष** : बिग्रेका काम पनि बनाउन सक्नुहुनेछ। धैर्य र पराक्रममा वृद्धि हुनेछ। | **बृश्चिक** : असमझदारीले समस्या निम्त्याउने छ। आफन्तहरूको साथ र सहयोग मिल्ला। |
| **मिथुन** :भावुकतामा आएर निर्णय नलिनुहोला। कार्यक्षेत्रमा उन्नति हुनेछ। | **धनु** : दाम्पत्य जीवन सुखमय रहनेछ। शिक्षाको क्षेत्रमा सफलता मिल्नेछ। |
| **कर्कट** : प्रतिस्पर्धीहरू किराना लाग्नेछन्। वैदेशिक रोजगारबाट लाभ प्राप्त हुनेछ। | **मकर**: रचनात्मक कार्यमा मन लाग्नेछ। अवसरवादीहरूबाट सावधान रहनुहोला। |
| **सिंह**: आफ्नो सिद्धान्तलाई लिएर अडिग र हनुहोस्। व्यावहारिक पक्ष मजबुत रहनेछ। | **कुम्भ** : कार्यशैलीमा सफलता मिल्नेछ। सोचे अनुरूप कार्य गर्नमा सफल भइएला। |
| **कन्या** : मनोबलमा वृद्धि हुनेछ। पौष्टिक भोजनको सेवन गर्नुहोस्। | **मिन** : व्यवसायमा सहयोगीहरूले राम्रो साथ दिनेछन्। शत्रुहरू परास्त हुनेछन्। |

## कला मनोरञ्जन

# मिसेस पूर्वेली आइकनको उपाधि मेघालाई



विवाहित महिलाहरूको व्यक्तित्व विकास र सशक्तीकरणलाई उद्देश्यका साथ आयोजना गरिएको 'मिसेस पूर्वेली आइकन' प्रतियोगिताको दोस्रो संस्करण इटहरीमा सम्पन्न भएको छ । ग्राण्ड फिनालेमा इटहरीकी मेघा खड्का प्रतियोगिताको मुख्य उपाधि चुम्न सफल भईन् । खड्काले 'मिसेस पूर्वेली आइकन'को ताजसँगै 'मिसेस ग्लामर'को सबटाइटल पनि हात पारिन । उनले एक लाख रुपैयाँबराबरको पुरस्कार प्राप्त गरिन् । प्रतियोगितामा रईशा चौधरीले 'अर्गनाइजर च्वाइस'को उपाधि जित्नुभयो भने कविना पोखरेल फष्ट रनरअप बनिन । पोखरेलले 'पब्लिक च्वाइस'को उपाधि पनि जित्न सफल भईन । उर्मिला मगर सेकेण्ड रनरअपका साथ 'मिसेस पर्सनालिटी'को सबटाइटल प्रदान गरिएको थियो । प्रतियोगिताको थर्ड रनरअप सीता पुरी बनिन् । ओपन स्पेस प्रा.लि.द्वारा आयोजित प्रतियोगितामा सजिना श्रेष्ठ सिइओ र सरोज श्रेष्ठ इभेन्ट डाइरेक्टर रहेका थिए । कार्यक्रमको कोरियोग्राफी शुभेक्षा कार्कीले गरेकी थिईन् भने मिडिया कोअर्डिनेटरको भूमिका सुवास संकल्प श्रेष्ठले निर्वाह गर्नुभएको थियो । ग्राण्ड फिनालेको निर्णायकमा एनटिभी इटहरी प्रमुख वसन्त रूपखेती, 'म्यान अफ द वर्ल्ड २०२५' का प्रकाश चौहान, 'मिस इटहरी २०२२' की डिना कटवाल र 'मिस नेपाल आइडल २०१८'की मेरीना तुम्सा लिम्बु रहेका थिए । कार्यक्रममा एनटिभी इटहरी प्रोडक्सन हेड अमित वर्मा र मुस्कान तामाङ (बेबो) विशेष अतिथिको रूपमा सहभागी भएका थिए । प्रतियोगितामा रईशा चौधरीले 'मिसेस वेष्ट वाक' र 'ब्युटी विथ पर्पस' सहित तीनवटा उपाधि हात पारिन् । अन्य सबटाइटल विजेताहरूमा अर्चना सिटौला 'मिसेस फ्रेन्डसिप', सीता पुरी 'मिसेस ट्यालेन्ट', समिता राई 'मिसेस इन्टेलेक्चुअल', आयुषा कुँवर 'मिसेस हस्पिटालिटी', सीमा लाकान्द्री 'वेष्ट ट्रान्सफर्मेसन', परीना राई 'मिसेस फोटोजेनिक' र सिर्जना लिम्बु 'मिसेस डिसिप्लिन' रहिन् ।

*-इहिमालय टाइम्स डटकम*

# फेरि बन्दै 'कहाँ भेटिएला', केदार र धीरज मुख्य भूमिकामा




स्वर्गीय अभिनेता श्रीकृष्ण श्रेष्ठको चर्चित फिल्म 'कहाँ भेटिएला'को शीर्षकमा फेरि फिल्म निर्माण हुने भएको छ । १६ वर्षअघि यो फिल्म स्वर्गीय निर्देशक शिव रेग्मीले बनाएका थिए । अब मिलन तामाङले फिल्मको निर्देशन गर्नेछन् । उनी हाल प्रदर्शनरत फिल्म 'माइतीघर'का निर्देशक हुन् । मंगलबार थिम पोस्टर सार्वजनिक गर्दै 'कहाँ भेटिएला'को निर्माण घोषणा गरिएको हो । फिल्मको घोषणा पोस्टरमा एक युवतीलाई प्रस्तुत गरिएको छ, जो कसैलाई पर्खिरहेकी देखिन्छिन् । पोस्टरले फिल्मको कथा प्रेम र पर्खाइमा आधारित रहेको संकेत गर्छ । फिल्मको छायांकन आगामी चैत २० गतेबाट सुरू गरेर जेठ अन्त्यसम्म पूरा गर्ने लक्ष्य राखिएको छ । निर्देशक तामाङले 'कहाँ भेटिएला'लाई 'माइतीघर'भन्दा अझ स्तरीय र उत्कृष्ट बनाउने दाबी गरेका छन् । निर्माण पक्षले फिल्मका कलाकारको नाम भने खुलाएको छैन । तर, गत असारमा चलचित्र विकास बोर्डबाट फिल्म निर्माणको इजाजत लिँदा कलाकारहरूमा केदार घिमिरे, धीरज मगर, बुद्धि तामाङ, श्यामाश्री शेर्पा लगायतको नाम राखिएको छ । यी चार कलाकारसँग मिलनले 'माइतीघर'मा काम गरिसकेका छन् । 'कहाँ भेटिएला'लाई एउटा कालजयी फिल्म मानिन्छ । यो फिल्मका दृश्यसँगै गीतहरू 'मन खोज्ने मायालुलाई', 'दिन दिउकी तिमीलाई रात दिउकी' र 'त्यो ओठमा हाँस्न पाउँ' अझै पनि दर्शकमाझ निकै लोकप्रिय छन् । अब 'कहाँ भेटिएला' शीर्षकमा दोस्रो पटक बन्न लागेको फिल्मले दर्शकको मनमा कस्तो स्थान बनाउँछ, त्यो समयले नै देखाउनेछ ।

*-फिल्मी खबर डटकम*

# 'कबड्डी ५' को छायांकन मुस्ताङमा सुरु



चर्चित फिल्म 'कबड्डी'ले पाँचौं श्रृंखलाको छायांकन मंगलबारदेखि हिमालपारिको जिल्ला मुस्ताङमा सुरु गर्दैछ । छायांकन सुरु हुनु एकदिनअघि प्रसिद्ध मुक्तिनाथ मन्दिरमा 'कास्ट एन्ड क्रू'को उपस्थितीमा शुभसाइत पूजा गरियो । कार्यकारी निर्माता मणिराम पोखरेलका अनुसार फिल्मको ७० प्रतिशत भाग मुस्ताङ र बाँकी काठमाडौंमा छायांकन गर्ने तालिका छ । ३५ दिने छायांकन तालिका राखिएको फिल्मको कास्टिङबारे नयाँ अपडेट पनि छ । अघिल्लो भागदेखि देखिँदै आएका दयाहाङ राई, मिरुना मगर, विजय बराल, कमलमणी नेपाल, अरुणा कार्की पाँचौ भागमा देखिनेछन् । नयाँ श्रृंखलामा विपिन कार्की र मिस यूके नेपाल २०१७ सिर्जना गुरुङ पनि जोडिएका छन् । कार्यकारी निर्माता पोखरेलले महत्वपूर्ण भूमिकामा विपिन र सिर्जना अनुबन्धित भएको जानकारी दिए । रामबाबु गुरुङ निर्माता तथा निर्देशक रहेको फिल्म बाँसुरी फिल्म्स प्रालिको ब्यानरमा बन्न लागेको हो । 'कबड्डी'का अघिल्ला चारै श्रृंखलाले घरेलु फिल्ममा उछाल कमाइ गरेका थिए ।*-अनलाइन खबर डटकम*

# सन्तानको रहर छ, तर करिअरको डर छ



२०७२ सालमा प्रदर्शनमा आएको फिल्म 'नाइँ नभन्नु ल ४' बाट नेपाली रजतपटमा प्रवेश गरेकी आँचल शर्माले प्राय: फिल्मबाट सफलताको स्वाद चाखेकी छिन् । फिल्मी यात्राको एक दशक पूरा गरिसक्दा ऊर्जा र परिपक्वता दुवै लिएर अघि बढिरहेकी छिन् । आँचल अब 'जेरी अन टप' लिएर दर्शकमाझ आउँदैछिन् । फिल्ममा 'श्रेया' नामकी ग्ल्यामरस र स्वतन्त्र युवतीको भूमिकामा उनी छिन् । यो फिल्मको चरित्रलाई उनले आफ्नो वास्तविक स्वभावसँग मिल्दोजुल्दो पाएकी छिन् । फिल्ममा उनको जोडी बनेका छन् अभिनेता अनमोल केसी । आफ्ना विचार स्पष्ट रूपमा राख्न नडराउने, जुझारु र हक्की स्वभावकी आँचलको महिलाप्रधान फिल्म निर्माण गर्ने सोच छ । यसबाहेक थिएटरमा काम गर्न पनि उनको मन छ । पछिल्लो फिल्म, समग्र फिल्म करिअर लगायत विषयमा केन्द्रित रहेर अभिनेत्री आँचल शर्मासँग रातोपाटीले कुराकानी गरेको छ । मेरो फिल्मी यात्रा एकदमै राम्रो चलिरहेको छ । एकपछि अर्को फिल्ममा फरक भूमिकामा काम गर्ने अवसर पाइरहेकी छु । पछिल्लो समय फिल्म 'जेरी अन टप' को प्रचारप्रसारमा व्यस्त छु । तिहारसम्म यो फिल्ममै व्यस्त हुन्छु । त्यसपछि 'झिंगे दाउ २' को सुटिङमा जुट्नुपर्नेछ । मेरो अर्को फिल्म 'एक मुठ्ठी बादल' पनि छिट्टै रिलिजमा आउँछ होला, त्यसको प्रमोसनमा पनि लाग्नुपर्नेछ ।

**'जेरी अन टप' मा कस्तो भूमिकामा देख्न सकिन्छ ?**

फिल्ममा मेरो चरित्रको नाम श्रेया हो, जो एक ग्ल्यामरस र स्वतन्त्र विचारकी युवती छिन् । उनी आफूलाई मनमा लागेको कुरा स्पष्ट बोल्न सक्छिन् । यो भूमिका मेरो व्यक्तिगत स्वभावसँग पनि अलि-अलि मिल्दोजुल्दो छ । यो चरित्रका लागि मैले धेरै प्रयास (एफर्ट) गर्नुपरेन, किनकि म जे छु, त्यसलाई नै फरक तरिकाले प्रस्तुत गर्दा पुग्थ्यो । निर्देशक सुयोग दाइले यसलाई भिन्न तवरबाट प्रस्तुत गर्नुभएको छ । अनमोल केसीसँग पहिलो पटक स्क्रिन सेयर गर्दाको अनुभव कस्तो रह्यो ? अनमोलबारे मिडियामा धेरै कुरा सुनिरहेकी हुन्थेँ । उनिसँग विभिन्न कार्यक्रमहरूमा केही पटक भेट भएको थियो, तर त्यो हाइ-हेल्लोमै सीमित थियो । उनको फिल्म हेर्दा एक किसिमको धारणा (जजमेन्ट) थियो । 'जेरी अन टप' बाट भने उनिसँग प्रत्यक्ष काम गरेर अनुभव बटुल्ने अवसर मिल्यो । म भनेको मनमा लागेको कुरा स्पष्ट भनिहाल्ने व्यक्ति हुँ, चित्त बुझ्यो भने बुझ्यो, बुझेन भने बुझेन । रिसायो भने रिसायो, हाँस उठ्यो भने हाँस उठ्यो । तर अनमोललाई बुझ्न अलिकति गाह्रो रहेछ । रिसाएको हो कि खुसी, उनको भित्री कुरा थाहा पाउन गाह्रो रहेछ । उनको बाहिरी प्रस्तुति सधैँ शान्त रहने रहेछ । यो कुरा मैले व्यक्तिगत रूपमा महसुस गर्न पाएँ । मैले उनको यो स्वभाव अपनाउने प्रयास पनि गरेँ, तर यो उमेरमा आएर आफ्नो बानी बदल्न गाह्रो हुँदो रहेछ । तर पनि मलाई उनको यो स्वभाव मनपर्‍यो । अनमोल केसीसँग काम गर्न पाए हुन्थ्यो भन्ने विशेष इच्छा त थिएन । तर अनमोलसँग काम गर्ने अवसर मिल्यो भने राम्रो हुन्छ भन्ने सोच चाहिँ मनमा थियो । किनकि अनमोल अहिलेको हटकेक हो । दर्शकमा उनको राम्रो क्रेज छ, जुन मैले उनिसँग फिल्म अभिनय सिलसिलामा लुक्ला, नाम्चे जस्ता ठाउँमा अनुभव गर्न पाएँ । त्यसैले एक कलाकारको रूपमा यस्ता अभिनेतासँग काम गर्न पाए हुन्थ्यो भन्ने भावना मनको कुनै कुनामा थियो होला । मैले इच्छा जनाएकै त होइन, तर यो सम्भव भयो । एकै फिल्ममा अनमोल र उनको बुबा भुवन केसीसँग काम गर्नुको अनुभव नि ? भुवन सरसँग भने मेरा केही बानी मिल्दाजुल्दा लागे, किनकि उनिँ पनि मनमा लागेको कुरा स्पष्ट भन्ने अलिकति हक्की स्वभावको हुनुहुँदो रहेछ । उनि वरिष्ठ कलाकारसँग मैले धेरै कुरा सिक्न पाएँ । उनको फिटनेसबाट म निकै प्रभावित भए । अहिलेको अवस्थामा पनि आफूलाई त्यत्तिकै मेन्टेन गरिरहनुभएको छ । उनलाईहेरेर उमेर अनुमान गर्न सकिन्न । भुवनको रिल र रियल दुवैमा रोमान्टिक छवि छ, कतिपय काम गर्न डराउँछन् भनिन्छ नि ? हाम्रो उद्योगमा मानिसको विषयमा नराम्रा हल्लाहरू आउँदा दु:ख लाग्छ । म के विश्वास गर्छु भने म अहिलेसम्म त्यस्तो अवस्थामा परेकी छैन, न त मैले भोगेकी छु । त्यसैले मैले भोगेको कुरा मात्र निश्चितताका साथ भन्न सक्छु । म कस्तो छु भन्ने कुराले नै धेरै फरक पार्छ जस्तो लाग्छ । उनिँले मलाई 'बाबु, छोरा' भन्नुहुन्छ, म उनलाई'भुवन सर' भन्छु । हाम्रो सम्बन्ध विशुद्ध व्यावसायिक मात्र हो । उनलाईरोमान्टिक हिरो भनी दिइएको उपनाम ठिकै होला, तर पर्दाबाहिरको सम्बन्धमा मैले कस्तो प्रतिक्रिया दिन्छु भन्ने कुराले धेरै फरक पार्छ जस्तो लाग्छ । आफू स्पष्ट र दृढ भएपछि केही फरक पर्दैन । करिअरले १० वर्ष पूरा भयो । अब आफैँले फिल्म बोक्न सक्छु भन्ने लाग्दैन ? त्यो सम्भव तब मात्र हुन्छ, जब मलाई धेरै आर्ट फिल्महरूबाट अफर आउँछ । किनकि त्यहाँ मैले महिलाप्रधान कथा, महिलाका पीडा, वेदना र महिलाको दृष्टिकोण ( पर्सपेक्टिभ) देखाउन सक्छु । तर अहिले म जुन प्रकारका फिल्महरु गरिरहेकी छु, जहाँ मेरो चरित्र ग्ल्यामरस, बबली, लभर गर्लको हुन्छ । फिल्मको कथा पुरुष पात्रको दृष्टिकोणबाटै लेखिएको हुन्छ । मेरा लागि आफूले गर्ने हरेक चरित्र नायक हो । किनभने फिल्ममा कति सिन छ, कति भूमिका छ, नायक हाबी छ वा नायिका हाबी छ भन्नुभन्दा पनि मेरो कामबाट म सन्तुष्ट छु । तर यदि भोलि मलाई केन्द्रमा राखेर आर्ट फिल्महरू आयो भने त्यो गर्न मन छ । एक कलाकारको रूपमा कसलाई पो फिल्म बोक्न मन छैन र ? तर फिल्म बोक्नु पनि एक चुनौतीपूर्ण कुरा हो । यदि त्यस्तो अवसर आयो भने म खुसी छु र लिड गर्न तयार छु । रियलमा जुझारु, हक्की स्वभावकी आँचललाई पर्दामा त्यस्तै रूपमा हेर्न पाए हुन्थ्यो नि ? मलाई पनि त्यस्तै भूमिका मनपर्छ । धेरै म हक्की स्वभावकै भएर विवादमा तानिने गरेको भन्छन् । म त्यसलाई खण्डन गर्न चाहन्छु । किनभने करिअरको सुरुवाती चरणमा म १७ वर्षकी थिएँ, मलाई मार्गदर्शन (गाइड) गर्ने मानिसहरू थिएनन् । यदि अहिले पनि घरबाट स्कुल र स्कुलबाट घर मात्र जाने १७ वर्षीया बच्चीलाई मिडियामा ल्याइयो भने धेरै कुरा बोलिहाल्ला । जुन उचित नलाग्न सक्छ । मलाई पनि मार्गदर्शन गर्ने मान्छे नभएर र मैले धेरै मिडिया फेस गर्नुपर्ने भएर म विवादमा परेँ होला । तर ती विवादहरू मेरो चरित्रसँग जोडिएका थिएनन् । अहिले आएर बुझ्दैछु कि किन त्यस्तो भयो । कुन कुरा बोल्दा ठीक र कुन कुरा बोल्दा बेठीक भन्ने कुरामा । तर अहिले पनि म मनमा लागेका कुरा बोल्न डराउँदिनँ, किनकि मेरो हुर्काइ नै त्यसरी भएको हो । बुबाले त्यही सिकाउनु भयो । समाजले नराम्रो भन्ने कामहरूबाट म टाढा रहन्छु । मबाट त्यस्ता काम हुँदैन । त्यसैले डराउनु पर्दैन जस्तो लाग्छ । मलाई मेरो बारेमा गलत कुरा गर्लान्, फैलाउलान् वा लेख्लान् भन्ने डर छैन । यो १० वर्षको अभिनय यात्रालाई फर्केर हेर्दा के पाएँ, के गुमाएँ जस्तो लाग्छ ? मैले गुमाएको त केही छैन, पाएको धेरै छु । यो क्षेत्रमा नलागेको भए मलाई कसैले चिन्ने थिएनन् । फरक काम गरिन्थ्यो होला । यो पेसाले जे दिएको छ, त्यो अरु कुनैले दिँदैन जस्तो लाग्छ । मैले आफ्नो प्यासनलाई पछ्याउन पाएँ । यस क्षेत्रले मलाई दिएको मुख्य कुरा चाहिँ १७ वर्षको उमेरदेखि नै ५०-६० वर्ष उमेरका व्यक्तिहरूसँग सहकार्य गर्ने मौका पाए । उनिँहरुसँग सिक्ने पौका पाए । त्यसले मलाई भित्रैदेखि परिपक्व बनायो । मेरा साथीहरूले सोच्ने तरिका र मैले सोच्ने तरिकामा अब फरक छ । म उनीहरूभन्दा राम्रो छु भन्न खोजेकी होइन, तर अनुभवको हिसाबले धेरै कुरा बटुलेँ जस्तो लाग्छ । हालै एक कार्यक्रममा आफ्नो यात्रा सुरु भयो धने । भन्न खोजेको के थियो ? १० वर्षको अभिनय यात्रामा म कति सफल भएँ वा खस्किएँ भन्ने कुरा होइन । त्यहाँ कार्यक्रममा १० वर्षपछि हिरोइनको करिअर सकिन्छ भनेर प्रश्न गरिएको थियो । त्यसको जवाफमा मैले यात्रा टुंगिने होइन, मेरो बल्ल सुरु भयो भनेको हो । किनकि म यो कुरा मान्दिनँ १० वा २० वर्षमा कलाकारको करिअर सकिन्छ । मलाई लाग्छ कलाकारको कला जीवन कहिल्यै सकिँदैन । उमेर अनुसार कलाकारले गर्ने भूमिका फरक होलान् । जस्तो, अबको १० वर्षपछि म स्कुल गर्लको भूमिकामा खेल्न नसकुँला, तर म मेरो उमेर अनुसारको चरित्र त निभाउन सक्छु । भुवन केसी सर नै अहिलेसम्म सक्रिय हुनुहुन्छ । कलाकारको यात्रा कहिल्यै टुंगिँदैन । मलाई थिएटर गर्न (नाटकमा अभिनय गर्न) असाध्यै मन छ । मैले दयाहाङ दाइ (अभिनेता दयाहाङ राई)सँग कुरा पनि गरेकी थिएँ । विजय बराल दाइले पनि मलाई प्रस्ताव (अप्रोच) गर्नुभएको थियो । चित्त बुझेका फिल्म खेल्न पाइन्छ । सन्तान भएपछि काममा ब्रेक लाग्ला कि भन्ने डर छ । २० वर्षपछि त्यो समयमा मैले आफ्नो क्षमतालाई प्रयोग गरिनँ भन्ने पछुतो भयो भने त्यो जीवनभर रहन्छ । एक पटकको जीवन हो, धेरै कुरा प्रयास गर्नु छ भन्ने हो । त्यसका लागि मात्र एक-दुई वर्ष समय लिउँ कि भन्ने हो ।

*-रातोपाटी डटकम*

# काँग्रेस पाल्पामा ९४ प्रतिशत विशेष महाधिवेशनको पक्षमा




**पाल्पा,** असोज २८/पाल्पा काँग्रेसका ९४ प्रतिशत भन्दा बढी महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशनका पक्षमा हस्ताक्षर गरेका छन् । उनीहरुले अहिले पार्टी यथास्थितिमा सञ्चालन हुन नसक्ने भन्दै विशेष महाधिवेशनका पक्षमा हस्ताक्षर गरेका हुन् ।

पार्टी जिल्ला सचिव सन्तोष थापाका अनुसार ५२ जना महाधिवेशन प्रतिनिधिमध्ये ४९ जनाले विशेष महाधिवेशनका पक्षमा हस्ताक्षर गरेका छन् । "५२ जनामध्ये ४९ जनाले विशेष महाधिवेशनका पक्षमा हस्ताक्षर गर्नुभएको छ, हामीले यो हस्ताक्षर सम्बन्धित ठाउँमा बुझाइसकेका छौं," उनले भने, "नियमित महाधिवेशन भए राम्रो हुन्छ । यदि नियमित महाधिवेशन नगर्ने हो भने विशेष महाधिवेशन गरिहाल्नुपर्छ भन्ने यहाँका महाधिवेशन प्रतिनिधिहरुको माग हो ।" पार्टी यथास्थितिमा निर्वाचनमा जाँदा पार्टीले क्षति व्यहोर्नु पर्ने विषयलाई मध्यनजर गरी विशेष अधिवेशनको माग गरिएको पार्टी सचिव तथा महाधिवेशन प्रतिनिधि थापाले बताए । भाद्र २३ र २४ गतेको जेनजी आन्दोलन पश्चात सिङ्गो देश, राजनीतिक, सामाजिक, आर्थिक ट्रमा (आघात) बाट गुज्रिन पुगेको भन्दै त्यसलाई निकास दिन काँग्रेसमा नेतृत्व परिवर्तन अपरिहार्य रहेको प्रतिनिधिहरुको भनाई छ । जेनजी आन्दोलनको उत्कर्षमा अन्तरिम सरकार गठन भएर संसद विघटन गरिएको छ अर्कोतर्फ आन्दोलनका क्रममा भएका ध्वंसात्मक गतिविधिको छानविन गर्ने र अवाञ्छित कार्य गर्नेलाई कानुनको दायरामा ल्याउनुपर्ने र संविधान जोगाउनुपर्ने अहिले आवश्यकता भएकाले त्यसको गुरुत्तर दायित्व काँग्रेसको काँधमा आएकाले विशेष महाधिवेशनमार्फत नेतृत्व चयन जरुरी परेको उनीहरुको बुझाई छ । अहिलेको अवस्थालाई मध्यनजर गरी समसामयिक परिस्थिति, नीति, विधान र संरचनात्मक परिवर्तनसहित नेतृत्व लगायतको विषयमा विशेष निर्णयको अपरिहार्यता रहेको भन्दै विशेष महाधिवेशन आह्वान गर्न हस्ताक्षरमार्फत माग गरिएको हो । पाल्पामा कांग्रेसको १४ औं जिल्ला अधिवेशनमा जिल्लाका दुई निर्वाचन क्षेत्रमा कुल ५३ जना महाधिवेशन प्रतिनिधि रहेकोमा १ जना प्रतिनिधिले राजीनामा दिएका छन् । जिल्लाको निर्वाचन क्षेत्र नं. १ मा कायम रहेका २५ महाधिवेशन प्रतिनिधिमध्ये २३ जनाले विशेष महाधिवेशनका पक्षमा हस्ताक्षर गरेका छन् । यहाँका दुई जनाले भने सहमति जनाएका छैनन् । त्यसैगरी निर्वाचन क्षेत्र नं. २ मा कायम रहेका २७ महाधिवेशन प्रतिनिधिमध्ये २६ जनाले हस्ताक्षर गरेका छन् । यहाँ भने एक जनाले सहमति जनाएका छैनन् ।

## खेलकुद समाचार

# टेस्ट शृङ्खलामा भारतको क्लिन स्वीप



**काठमाडौं,** असोज २८/वेस्ट इन्डिजसँगको २ खेलको टेस्ट क्रिकेट शङ्खला घरेलु टोली भारतले क्लिन स्वीप गरेको छ । दिल्लीमा भएको दोस्रो टेस्टमा भारतले वेस्ट इन्डिजलाई ७ विकेटले हरायो । वेस्ट इन्डिजले दिएको १ सय २१ रनको लक्ष्य भारतले पाँचौं दिनको खाना समयअघि ३ विकेट गुमाएर भेटायो । भारतका केएल राहुलले ५८, साई सुदर्शनले ३९ रन बनाए । वेस्ट इन्डिजका रोस्टन चेसले २ विकेट लिए । भारतले दिल्लीको अरुण जेटली स्टेडियममा टस जितेर ब्याटिङ गर्दै पहिलो पारीमा ५ विकेट गुमाएर ५ सय १८ रन बनाउँदै पारी समाप्तिको घोषणा गरेको थियो । भारतका यशस्वी जायसवालले १ सय ७५, कप्तान शुभमन गिलले १ सय २९, साई सुदर्शनले ८७ रन बनाएका थिए ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से १९ अङ्कले घट्यो



**पाल्पा,** असोज २८/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक १९ दशमलव ४३ अङ्कले घटेर दुई हजार ५२८ दशमलव १६ को बिन्दुमा कायम भएको छ । मंगलबार ३१७ कम्पनीको ७४ लाख ८८ हजार २७२ कित्ता शेयर ३८ हजार ८२७ पटक खरिदबिक्री हुँदा कारोबार रकम रु तीन अर्ब ३६ करोड ६१ लाख ९८ हजार २६२ मा खुम्चिएको छ ।

म्युचुअल फन्ड शून्य दशमलव ०६, व्यापार एक दशमलव ४८ र अन्य समूह शून्य दशमलव ७९ प्रतिशतले बढेको छभने अरू सबै समूहको उपसूचक घटेको छ । बैङ्किङ शून्य दशमलव ८२, विकास बैङ्क एक, वित्त एक दशमलव ४०, होटल तथा पर्यटन एक दशमलव ११, जलविद्युत् एक दशमलव ७१, लगानी एक दशमलव १६, जीवन बीमा र उत्पादन तथा प्रशोधन समूह समान शून्य दशमलव ९८, लघुवित्त शून्य दशमलव ७९ र निर्जीवन बीमा समूह एक दशमलव १० प्रतिशतले घटेको छ । मंगलबारको कारोबारमा शुभम् पावर लिमिटेड र ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छभने समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको रु ३२ करोड सात लाख ८३ हजार ७१६ बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड प्रमोटर शेयर चार लाख ३३ हजार ९७ कित्ता खरिदबिक्री भएको छ ।

# भाइटीकाको उत्तम साइत ११:३९ बजे



**पाल्पा,** असोज २८/यस वर्षको तिहार भाइटीकाको उत्तम साइत कात्तिक ६ गते बिहीबार बिहान ११:३९ बजे रहेको छ । नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले भाइटीकाको उत्तम साइत सार्वजनिक गर्दै कात्तिक ६ गते बिहीबार मध्याह्नकालमा टीका लगाउन बाधा नपरे पनि साइत खोज्नेका लागि धनु लग्न, कन्या नवमांश, चर बेला र अभिजित् योग तथा विजय मुहूर्तको शुभ साइत बिहान ११:३९ बजे रहेको जनाएको हो ।

यस वर्ष यमपञ्चक कात्तिक १ गते शनिबारदेखि सुरु हुन्छ । त्यस दिनदेखि यमदीप दान सुरु गरिन्छ । धन त्रयोदशी र धनतेरस पर्व पनि यसै दिन परेको समितिले स्वीकृति दिएका पात्रोमा उल्लेख छ । कात्तिक २ गते आइतबार काग तिहार परेको छ । यसै दिन धनवन्तरी जयन्ती पर्व पनि मनाइन्छ । कात्तिक ३ गते सोमबार बिहान नरक स्नानसहित कुकुर तिहार र बेलुकी लक्ष्मीपूजा परेको छ । यसै दिन साँझ दीपावलिका गरिन्छ । कात्तिक ३ गते सोमबार दिउँसो ०२:५२ बजेसम्म कात्तिक कृष्ण चतुर्दशी र त्यसपछि औँशी तिथि लाग्ने भएकाले शास्त्रसम्मत् रूपमा पर्वसम्बन्धी निर्णय गरिएको समितिले जनाएको छ । सायकालमा औँसी तिथि परेका दिन लक्ष्मीपूजा गर्नुपर्ने शास्त्रीय वचन छ ।

औँसी तिथिमा गरिने स्नान, दान भने कात्तिक ४ गते मङ्गलबार बिहान गर्नुपर्नेछ । कात्तिक ४ गते दिउँसो ०४:२९ बजेसम्म औँशी तिथि रहेको समितिले जनाएको छ । गाई, गोरु र आत्म (म्ह) पूजा भने कात्तिक ५ गते बुधबार गर्नुपर्ने शास्त्रीय वचन रहेको छ । कात्तिक शुक्ल प्रतिपदाको सायंकालमा आत्म (म्ह) पूजा गर्नुपर्ने 'कृत्यवाटिका' नामक ग्रन्थमा उल्लेख गरिएको छ । आत्म (म्ह) पूजा विशेषगरी नेवार समुदायले गर्ने परम्परा छ ।

# पर्यटक प्रवर्द्धनका...

...पछिल्लो समय कारागारमा काष्ठकला र फर्निचरको काममा हुँदै आएको छ । वार्षिक तीन करोड ५० लाखभन्दा बढीको कारोबार हुने कारागारबाट कैदीबन्दीले न्यूनतम सात हजारदेखि ४५ हजारसम्म कमाउने गरेका उनले जानकारी दिए । थापाले विद्यालय, मन्दिर, गाउँपालिका भवन, सभाहललगायत ठाउँमा कारागारको सीप प्रयोग भएको बताए । उनले भने, "फल्चामा पनि उत्कृष्ट मेहनत गरेका छौं । सस्तो र गुणस्तरीय भएकाले फल्चाबाहेक थुप्रै सरकारी संरचनामा कैदीबन्दीको सीप पुगेको छ ।" "कारागारमा सबैभन्दा बढी मूल्य पर्ने अष्टनागको आकृतिसहित सालको काठको चौकोश निर्माण हुन्छ । जसको मूल्य आठ लाख पर्दछ । एउटा चौकोश निर्माण गर्न तीन जना जनशक्तिले एक महिनामा काम गर्नुपर्छ । त्यस्तै, भक्तपुरे आँखी झ्याल, फोटो फ्रेम, दराज टेबलसहितका आवश्यक सबै फर्निचर सामग्री निर्माण गर्ने गरिएको छ", थापाले भने । त्यस्तै, नेपालको प्रसिद्ध धाम रुरुक्षेत्रमा भरतपुर महानगरपालिका र रुरुक्षेत्र गाउँपालिकाको साझेदारीमा आकर्षक फल्चा निर्माण गरिएको छ । रुरु क्षेत्र गाउँपालिका-१, रिडीमा फल्चा निर्माण गरिएको हो । नीलकण्ठ कन्स्ट्रक्सनले ३२ लाख २६ हजार ८ सय ९१ को लागतमा फल्चा निर्माणको सम्झौता गरेर फल्चा निर्माण गरेको गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीले जानकारी दिए । रुरुक्षेत्र गाउँपालिका र भरतपुर महानगरपालिकाबीच भगिनी सम्बन्ध गाँसिएको छ । सोही सम्बन्धका कारण रुरुक्षेत्र गाउँपालिका र भरतपुर महानगरपालिकाबीच ५०-५० प्रतिशत रकम साझेदारीमा रिडीमा फल्चा, विष्णु मूर्तिसहितका पर्यटकीय संरचना निर्माण गरिएको गाउँपालिकाका अध्यक्ष ज्ञवालीले बताए । रिडी बजार र कालीगण्डकी तटीय क्षेत्रलाई केन्द्रमा राखेर संरचना निर्माण तथा पुराना संरचना संरक्षण एवं लामाचौपारीमा ठूलो मन्दिर निर्माण कार्यसमेत अगाडि बढाइएको उनले जानकारी दिए । अध्यक्ष ज्ञवालीले रुरुक्षेत्र धाम आफैँमा प्रसिद्ध भए पनि आवश्यक पर्यटकीय संरचना निर्माणको काममा आफूहरूले चासो दिएको बताए । फाल्चा निर्माणसँगै यात्रुलाई आश्रम लिन सहज हुनुका साथै मौलिक सीपबाट बनाइएकाले हाम्रा सम्पदाको प्रचारप्रसार हुने उनले विश्वास व्यक्त गरे । यो पर्यटन प्रवर्द्धनका लागि पनि महत्वपूर्ण कदम हुने उनको भनाइ छ । *-रासस*


## वर्गिकृत डिस्प्ले

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## १५ दिने दावी विरोध सम्बन्धी सूचना

*प्रकाशित मिति : २०८२/०६/२६*

प्रस्तुत विषयमा बगनासकाली गाउँपालिका- ४ चापपानी केवराचिदी स्थायी ठेगाना भई साविक तानसेन नगरपालिका वडा नं. ३ भिमसेनटोल हाल तानसेन - ६ भिमसेनटोलमा रविलाल अर्यालको नातीनीबुहारी, अग्निधर अर्यालको बुहारी रञ्जना कुमारी अर्यालको नाममा दर्ता कायम रहेको कित्ता नं. ३४२ क्षेत्रफल ०-४-१-२ को जग्गामा घर बनाउन लागेको र दक्षिणतर्फको कि.नं. ३४३ क्षेत्रफल ०-५-२-० को देवनाथ गंगोल सम्पर्कमा नआएकाले उक्त हाम्रो जग्गामा घर निर्माणको लागि नक्सा पास हुन नसकेकाले यो सूचना प्रकाशित गरिएको छ । जग्गाधनी रञ्जना कुमारी अर्यालले प्रकाशित गरेको सूचना मितिले १५ दिनभित्र सधीयार देवनाथ गगंलोको कुनै दावी विरोध रहेमा स-प्रमाण सहित तानसेन नगरपालिका कार्यालयको नक्सा शाखामा दावी विरोध गर्न आउनुहुन सादर अनुरोध गरिन्छ । अन्यथा सोही बमोजिम नाप नक्सा तथा निर्माण कार्य सूचारु हुने यसै सूचनाबाट जानकारी गराइन्छ ।

इति सम्वत २०८२ साल असोज २६ गते रोज १ शुभम्...।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई